कचनकवल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बनियानी, झापा

## आन्तरिक ठेक्का बन्दोबस्ती सम्बन्धि दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशन मिति २०८२ /१० /२२ गते

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को २ घ, ५९,६१,६२ र यस गाउँ कार्यपालिकाको मिति २०८२ /०७/१३ गतेको निर्णयानुसार कचनकवल गाउँपालिकाको आन्तरिक ठेक्का बन्दोबस्तीसम्बन्धि कार्यविधि २०८० को नियम ३ को उपनियम १ (क) नियम ४ को उपनियम १ बमोजिम उठाउन पाउने देहाय बमोजिमको आन्तरिक आय संकलन कर, दस्तुर र सेवा शुल्क ३ बर्षका लागि ठेक्का बन्दोबस्ती गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति फर्म वा कम्पनीले तोकिएको निम्न शर्तहरुको अधिनमा रही तपशिलमा उल्लेखित समय, मिति र स्थानमा छुट्टाछुट्टै गोप्य शिलबन्दी दरभाउँपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारीको लागि अनुरोध छ ।

तपशिल :-

| ठेक्का नं. | विवरण | न्युनतम ठेक्का अंक रु.(बार्षिक मु.अ.क. बाहेक) | दरभाउँपत्र फारम दस्तुर | दरभाउपत्र फारम खरिद अन्तिम मिति | दरभाउपत्र फारम दाखिला गर्ने अन्तिम मिति र समय | दरभाउपत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| ३. | बडो केचना झिल | ८०,०००/- | १,०००/- | २०८२/११/०७ गते कार्यलय समय सम्म | २०८२/११/०८ गते दिनको १२:००बजे सम्म | २०८२/११/०८ दिनको२:००बजे देखि |

**शर्तहरु :-**

१. ईच्छुक दरभाउपत्र दाताले नागरिकताको प्रमाणपत्र, पा.नं. दर्ता प्रमाणपत्र र गट आ. व. को करचुक्ता प्रमाणपत्र पेश गरि कार्यलयबाट बोल पत्र/ शिलबन्दी दरभाउपत्र फारम खरिद गर्नुपर्नेछ ।

२. दरभाउपत्र फारममा उल्लेखित कबोल ठेक्का अंकको वार्षिक ५ प्रक्तिशतले हुन आउने ३ वर्षको जम्मा धरौटी रकम यस कार्यालयको NIC ASIA BANK कचनकवल शाखाको धरौटी खाता नं. 67CA051019752404 मा जम्मा गरेको सक्कलै भौचर दरभाउपत्रका साथ संग्लन राखी पेश गर्नुपर्नेछ । बैंक ग्यारेन्टीलाई मान्यता दिइने छैन । धरौटी रकम प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै समावेश गर्नुपर्नेछ ।

२०८२/१०/२२

एकाई पोखरेल

प्रमुख प्रशासकीय अधिकृत

३. ईच्छुक व्यक्ति फर्म व कम्पनीले दरभाउपत्र खरिद गर्दा अध्यावधिक फर्म नवीकरणको प्रतिलिपि, मु.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपी , स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि साथै लिखित निवेदन दिई तोकिएको समय भित्र खरिद गर्न सकिनेछ ।

४. दरभाउपत्र फारम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरि उल्लेख गर्नुपर्ने छ । अंक अक्षरमा लेखेको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

५. ठेक्का सम्बन्धमा कुनै किसिमको विवाद भए गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

६. गाउँपलिकालाई रकम बुझाउनुपर्ने बाँकी बक्यौता भएमा त्यस्तो रकम नबुझाएसम्म दरभाउपत्र खरिद गर्न पाइने छैन ।

७. ठेक्का अवधि ३ बर्षको रहनेछ ।

८. ठेक्का स्वीकृति गर्ने/ नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

९. शर्त राखी पेश गरेको, रीत नपुगेको र म्याद नाघी आएको शिलबन्दी दरभाउपत्र प्रति कार्वाही हुने छैन

१०.एउटा व्यक्ति वा फर्मलाई एउटा ठेक्काको लागि एउटा मात्र फारम खरिद गर्न दिईनेछ ।जसको नाममा फारम खरिद गरिएको हो सोहि व्यक्ति वा आधिकारिक प्रतिनिधि स्वयं उपस्थिति भई पेश गर्नुपर्नेछ ।

११. दरभाउ पत्र फारम खरिद, ;दाखिला र खोलिने अन्तिम मितिमा सार्बजनिक विदा पर्न गएमा सो को भोलिपल्ट खोलिनेछ ।

१२. अन्य शर्तहरुः -

ठेकदारले बार्षिक ठेक्काको कबोल रकम ठेक्का सम्झौता गर्दा पहिलो बर्षको रकम एकमुष्ट बुझाउनु पर्नेछ । दोस्रो बर्षबाट क्रमस न्युनतम १० प्रतिशत का दरले कबोल अंक बृदि गरिनेछ ।

ठेकेदारले कबोल गरेको रकम प्रत्येक आर्थिक बर्षको श्रावण मसान्त भित्र बुझाउनु पर्नेछ ।

१०/८

स्काई पोखरेल
प्रमुख प्रशासकीय अधिकृत